# मेलुङ गाउँपालिकाको आर्थिक ऐन, २०७६

मेलुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भेड्पु, दोलखा

# मेलुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,२०७६

**गाउँसभाबाट स्वीकृत मिति : २०७६|०३|२१**

**प्रस्तावनाः**

मेलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मेलुङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि मेलुङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्रभित्र अनुसूचि -१ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि -२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि -४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि -५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**ःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि -६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि -७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि -८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि -९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि -१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि -११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर**ः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि -१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्क**ःगाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची -१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट**ःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ । साथै यस ऐनमा समावेश नभएको विषयमा कर तथा शुल्क लिनु पर्ने अवस्थामा कार्यपालिकाको निर्णयानुसार कर तथा शुल्क उठाईने छ र उक्त दर लगतै बस्ने गाउँसभाबाट अनुमोदन गर्नुपर्ने छ ।

## अनुसूची -१

मेलुङ गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने एकिकृत सम्पत्ति कर/घरजग्गा करको दर

## एकिकृत सम्पत्ति करको दर

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर | रकम अक्षरमा |
|---|---|---|---|
| १ | रू. १ देखि २ लाख सम्म | २०.०० | विस रूपैया मात्र |
| २ | रू. २ लाख १ देखि ३ लाख सम्म | २५.०० | पच्चिस रूपैया मात्र |
| ३ | रू. ३ लाख १ देखि ४ लाख सम्म | ३०.०० | तिस रूपैया मात्र |
| ४ | रू. ४ लाख १ देखि ५ लाख सम्म | ४०.०० | चालिस रूपैया मात्र |
| ५ | रू. ५ लाख १ देखि ६ लाख सम्म | ५०.०० | पचास रूपैया मात्र |
| ६ | रू. ६ लाख १ देखि ७ लाख सम्म | ६०.०० | साठ्ी रूपैया मात्र |
| ७ | रू. ७ लाख १ देखि ८ लाख सम्म | ७०.०० | सत्तरी रूपैया मात्र |
| ८ | रू. ८ लाख १ देखि ९ लाख सम्म | ८०.०० | असी रूपैया मात्र |
| ९ | रू. ९ लाख १ देखि १० लाख सम्म | ९०.०० | नब्बे रूपैया मात्र |
| १० | रू. १० लाख १ देखि १२ लाख सम्म | १००.०० | सय रूपैया मात्र |
| ११ | रू. १२ लाख १ देखि १४ लाख सम्म | १२०.०० | एक सय विस रूपैया मात्र |
| १२ | रू. १४ लाख १ देखि १६ लाख सम्म | १४०.०० | एक सय चालिस रूपैया मात्र |
| १३ | रू. १६ लाख १ देखि १८ लाख सम्म | १६०.०० | एक सय साठ्ी रूपैया मात्र |
| १४ | रू. १८ लाख १ देखि २० लाख सम्म | १८०.०० | एक सय असी रूपैया मात्र |
| १५ | रू. २० लाख १ देखि २२ लाख सम्म | २००.०० | दुई सय रूपैया मात्र |
| १६ | रू. २२ लाख १ देखि २४ लाख सम्म | २२०.०० | दुई सय विस रूपैया मात्र |
| १७ | रू. २४ लाख १ देखि २६ लाख सम्म | २४०.०० | दुई सय चालिस रूपैया मात्र |
| १८ | रू. २६ लाख १ देखि २८ लाख सम्म | २६०.०० | दुई सय साठ्ी रूपैया मात्र |
| १९ | रू. २८ लाख १ देखि ३० लाख सम्म | २८०.०० | दुई सय असी रूपैया मात्र |
| २० | रू. ३० लाख १ देखि ३४ लाख सम्म | ३००.०० | तीन सय रूपैया मात्र |

| | | | |
|---|---|---|---|
| २१ | रू. ३४ लाख १ देखि ३८ लाख सम्म | ३५०.०० | तीन सय पचास रूपैया मात्र |
| २२ | रू. ३८ लाख १ देखि ४२ लाख सम्म | ४००.०० | चार सय रूपैया मात्र |
| २३ | रू. ४२ लाख १ देखि ४६ लाख सम्म | ४५०.०० | चार सय पचास रूपैया मात्र |
| २४ | रू. ४६ लाख १ देखि ५० लाख सम्म | ५००.०० | पांच सय रूपैया मात्र |
| २५ | रू. ५० लाख १ देखि ६० लाख सम्म | ५५०.०० | पांच सय पचास रूपैया मात्र |
| २६ | रू. ६० लाख १ देखि ७० लाख सम्म | ६००.०० | छ सय रूपैया मात्र |
| २७ | रू. ७० लाख १ देखि ८० लाख सम्म | ७००.०० | सात सय रूपैया मात्र |
| २८ | रू. ८० लाख १ देखि ९० लाख सम्म | ८००.०० | आठ सय रूपैया मात्र |
| २९ | रू. ९० लाख १ देखि १ करोड सम्म | ९००.०० | नौ सय रूपैया मात्र |
| ३० | रू. १ करोड १ देखि १ करोड २० लाख सम्म | १०००.०० | एक हजार रूपैया मात्र |
| ३१ | रू. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १२००.०० | एक हजार दुई सय रूपैया मात्र |
| ३२ | रू. १ करोड ६० लाख १ देखि २ करोड सम्म | १४००.०० | एक हजार चार सय रूपैया मात्र |
| ३३ | रू. २ करोड १ देखि २ करोड २० लाख सम्म | १६००.०० | एक हजार छ सय रूपैया मात्र |
| ३४ | रू. २ करोड २० लाख १ देखि २ करोड ७० लाख सम्म | १८००.०० | एक हजार चार सय रूपैया मात्र |
| ३५ | रू. २ करोड ७० लाख १ देखि ३ करोड ३० लाख सम्म | २०००.०० | दुई हजार रूपैया मात्र |
| ३६ | रू. ३ करोड ३० लाख १ देखि ४ करोड सम्म | २२००.०० | दुई हजार दुई सय रूपैया मात्र |
| ३७ | रू. ४ करोड १ देखि ४ करोड ५० लाख सम्म | २४००.०० | दुई हजार चार सय रूपैया मात्र |
| ३८ | रू. ४ करोड ५० लाख १ देखि ५ करोड सम्म | २६००.०० | दुई हजार छ सय रूपैया मात्र |
| ३९ | रू. ५ करोड १ देखि माथि जति भए पनि २ रूपैंया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | ३०००.०० | तीन हजार रूपैया मात्र |

२. घर जग्गाको मुल्याङकन गर्ने तरिका

(१) घर जग्गाका कर लाग्ने क्षेत्रहरुको लागि घरको बनोटको बर्गिकरण र मुल्याङकन देहाय बमोजिम हुनेछः-

(क) घर बनोटको बर्गिकरण

(१) भित्र काँचो वाहिर ईटामा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घरहरु

(२) भित्र वाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर

(३) भित्र वाहिर पाको ईटामा सिमेण्ट वा बज्रको जोडाई भएका सबै किसिमका घर

(४) आर.सि.सि.फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मुल्याङकन

(ग) काँचो ईटा वा माटोको गारो वा बाँस वा काठको टाँटी भै फुस छ्वाली खर पराल र साधारण टिनको छाना भएको घरको मुल्याँङकन गरिने छैन ।

(घ)सिनेमा हलहरुको भवनको अधिल्लो भाग मुख्य अडीटोरीयम को मुल्यांङकन गर्दा माथी उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मुल्याङकन गरिने छ ।

(२) घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मुल्यङकन गर्दा सोको प्रयोजनको निम्ति गठीत गाउँपालिकाले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनका लागी यस गाउँपालिकाले तोकेको दर बमोजिम जग्गाको मुल्याङकन गरिनेछ ।

## अनुसूची -२

## भूमि/मालपोत कर

### गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने भुमि कर (मालपोत) करकोृ दर : मालपोत (जग्गा तिरो)

| क्र.सं. | जग्गाको प्रकार | एकाई | मालपोत दस्तुर (तिरो) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनी | रु. १० | |
| २ | दोयम | प्रति रोपनी | रु. ९ | |
| ३ | सीम | प्रति रोपनी | रु. ८ | |
| ४ | चाहार | प्रति रोपनी | रु. ७ | |

अनुसूची -३

घरजग्गा बहाल कर

गाउँपालिकाले आफनो क्षेत्र भित्र लगाउन सक्ने घर जग्गा वहाल करको दर :

| सि.नं. | राजश्वको क्षेत्रहरु | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | घर जग्गा बहाल कर | १० प्रतिशत | २ प्रतिशत समयानुकुल नभएकोले | |

## अनुसूची -४
## व्यवसाय कर

| सि.नं. | व्यवसायको विवरण | आ.व. ०७५/०७६ को लागि प्रस्तावित दर | नविकरण शूल्क |
|---|---|---|---|
| १ | व्यापारिक वस्तु | | |
| १.१ | चुरोट, रक्सी, ज्वेलरी, भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर, आदिको थोक तथा खुद्रा व्यापारमा | | |
| १.१.१ | चुरोट र रक्सी | | |
| | क) थोक बिक्रेता | १००० | ५०० |
| | ख) खुद्रा बिक्रेता | ५०० | २०० |
| १.१.२ | ज्वेलरी | | |
| | क) सबै खाले गहना निर्माण तथा विकी गर्ने | १००० | ५०० |
| | क) स-साना गहना निर्माण तथा विकी गर्ने | ५०० | २०० |
| १.१.३ | भिडियो, क्यासेट रिकर्डर तथा प्लेयर | | |
| | क) थोक बिक्रेता | २०० | १०० |
| | ख) खुद्रा बिक्रेता | १०० | ५० |
| १.२ | निर्माण सामाग्रीः<br>वालुवा, गिटी, रोडा, ढुङ्ग, चिप्स, मार्वल, खरिढङ्ग,हिमपाईप, व्लक, | | |
| १.२.१ | क) नदिजन्य पदार्थ उत्खनन, उत्पादन र विक्री वितरण | | |
| | वालुवा, रोडा, ढुङ्गा, चोकर, गिटी, चिप्स, खरिढुङ्ग | प्रति घ.मी. | रु.३६०।०० |
| | मार्वल/ स्लेट ढुङ्ग | प्रति sq | रु.५।०० |
| १.२.२ | ख) व्यवसाय कर : | | |
| | ह्यूमपाईप | कुल वार्षिक कारोवारको | ५% |
| | क्रशर उद्योग | कुल वार्षिक कारोवारको | ५% |
| | व्लक, टाईल, ईट्टा, | कुल वार्षिक कारोवारको | २.५% |
| १.२.३ | ग) निर्माण समाग्री उत्पादन तथा तयारीमाः | | |
| | ह्यूमपाईप १२ ईन्च सम्मको गोलाई | प्रति गोटा | रु.१००। |

| | | | |
|---|---|---|---|
| | ह्यूमपाईप १८ ईन्च सम्मको गोलाई | प्रति गोटा | रु.२००। |
| | ह्यूमपाईप १८ ईन्च भन्दा माथि गोलाई | | रु.४००। |
| | व्लक, टाईल, ईट्टा | प्रति गोटा | रु.०.२५। |
| | **कम्प्युटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेटोलियम पदार्थ जस्ता बस्तुको थोक तथा खुद्रा व्यापारमा** | | |
| १.२.१ | **विद्युतिय समाग्री** | | |
| | ख) विद्युतिय सामाग्री विकि वितरण गर्ने सबै खाले पसल | १००० | ५०० |
| १.२.२ | **कम्प्युटर,विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो** | | |
| | क) थोक बिक्रेता | ५०० | २०० |
| | ख) खुद्रा बिक्रेता | ३०० | १०० |
| १.२.३ | **कार्पेट/डेकोर सामाग्रीहरु** | | |
| | क) थोक बिक्रेता | ५०० | २०० |
| | ख) खुद्रा बिक्रेता | २०० | १०० |
| १.२.४ | **पेट्रोलियम पदार्थ** | | |
| | क) पेट्रोल र डिजेल पम्प (डिपो) Highway | ५००० | २५०० |
| | ख) पेट्रोल र डिजेल पम्प (डिपो) अन्यत्र | १००० | ५०० |
| | ग) ग्यास तथा मट्टितेल विक्री गर्ने | ५०० | २०० |
| | घ) ग्यास तथा मट्टितेल बिक्री गर्ने (खुद्रा) | २०० | १०० |
| १.३ | **दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा, आदिको थोक तथा खुद्रा व्यापार** | | |
| १.३.१ | **दैनिक उपभोगका खाद्य पदार्थ (तरकारी तथा फलफुल समेत)** | | |
| | क) थोक बिक्रेता | ३०० | २०० |
| | ख) खुद्रा बिक्रेता | २०० | १०० |
| १.३.२ | **सुती कपडा** | | |
| | क) सुती कपडा/फेन्सी कपडा पसल | ५०० | २०० |
| १.३.३ | **सवारी साधन विकेता** | | |
| | क) सवारी साधन विक्रेता | ५००० | २५०० |
| २ | **विषेश परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | क) चिकित्सक | १००० | ५०० |
| | ख) कविराज | ५०० | २५० |
| | ग) ईन्जिनियर | १००० | ५०० |
| | घ) कानुन व्यवसायी | १००० | ५०० |
| | ङ) लेखापरीक्षक | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| | च) दन्त चिकित्सक | १००० | ५०० |
| | छ) अनुसन्धानकर्ता तथा परामर्श दाता | १००० | ५०० |
| | ज) कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १००० | ५०० |
| | झ) बीमा एजेन्ट | १००० | ५०० |
| | ञ) सर्भेयर | १००० | ५०० |
| | ट) अनुवादक | १००० | ५०० |
| | ठ) पशु चिकित्सक | १००० | ५०० |
| | ड) शेयर दलाल | १००० | ५०० |
| | ढ) सामान ढुवानीकर्ता तथा कम्पनी | १००० | ५०० |
| | ण) संस्थागत पेन्टर | १००० | ५०० |
| | त) वैदेशीक रोजगार परामर्श दाता | १००० | ५०० |
| ३ | **निर्माण व्यवसाय** | | |
| | **गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | | |
| | "क" श्रेणीको | १५००० | १०००० |
| | "ख" श्रेणीको | १२००० | ७००० |
| | "ग" श्रेणीको | १०००० | ५००० |
| | "घ" श्रेणीको | ५००० | ३००० |
| ४ | **उत्पादन मूलक उद्योग** | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामान(कवाडी) को वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | ५०० | २०० |
| ५ | **उर्जा मूलक उद्योग** | | |
| | क) जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास | ५००० | ३००० |
| | ख) अन्यश्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५०० | २५० |
| ६ | **कृषि तथा वनजन्य उद्योग** | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | १००० | ५०० |
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | १००० | ५०० |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | ५०० | १०० |
| | घ) पशु(गाई, गोरु, राँगा, भैसी) निर्यात | प्रति गोटा | २०० |
| ७ | **खनिज उद्योग** | | |
| | क) खनिज उत्खन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ५००० | ३००० |
| ८ | **पर्यटन उद्योग** | | |
| ८.१ | **पर्यटक, आवास, मोटृल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएरबयालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, हाईकिङ,** | | |

| | | | |
|---|---|---|---|
| | अश्वारोहण आदि | | |
| ८.१.१ | क) पर्यटक, आवास, मोटृल, होटेल, रेष्टुरा, रिसोर्ट | | |
| | अ) ५० लाख भन्दा माथि पुंजी भएका | ३००० | १५०० |
| | आ) २५ देखि ५० लाख सम्म पुंजी भएका | २५०० | १२०० |
| | इ) १० देखि २५ लाख सम्म पुंजी भएका | २००० | १००० |
| | ई) ५ देखि १० सम्म लाख सम्म पुंजी भएका | १५०० | ८०० |
| | उ) १ देखि ५ लाख सम्म पुंजी भएका | १००० | ५०० |
| | ऊ) १ लाख सम्म पुंजी भएका | २०० | १०० |
| ८.१.२ | **ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्‍याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएरबयालुनिङ, प्यारा सेलिङ, गल्फ, पोलो, अश्वारोहण वन्जिजम्पिङ आदि** | | |
| | क) ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर ऱ्याफ्टीङ, पोनी टेकिङ, पदयात्रा, हटयएर, बयालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अश्वारोहण,वन्जिजम्पिङ आदि जस्ता व्यवसायमा | २००० | १००० |
| ९ | **सेवा उद्योग** | | |
| | क) छापाखाना | १००० | ५०० |
| | ख) परामर्श सेवा | १००० | ५०० |
| | ग) जिनिङ तथा वेलिङ्ग | १००० | ५०० |
| | घ) चलचित्र व्यवसाय | १००० | ५०० |
| | ङ) सार्वजनिक परिवहन | १००० | ५०० |
| | च) फोटोग्राफी | १००० | ५०० |
| | छ) प्रयोगशाला | १००० | ५०० |
| | ज) हवाइ सेवा | १००० | ५०० |
| | झ) शीत भण्डार | ५०० | २०० |
| १० | **निर्माण उद्योग** | | |
| | क) सडक, पुल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | ५००० | २५०० |
| ११ | **संचार सेवा** | | |
| | क) निजी क्षेत्रको हुलाक सेवा | १०० | ५० |
| | ख) निजी क्षेत्रका टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन(STD/ISTD),इमेल, इन्टरनेट, रेडियो पेजिङ आदि | ५०० | २०० |
| | ग) कुरियर सेवा | ५०० | १०० |

| | | | |
|---|---|---|---|
| | घ)छपाई तथा प्रकाशन | १००० | ५०० |
| १२ | **वित्तिय सेवा** | | |
| | क) नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक | ५००० | २००० |
| | ख) आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५००० | २००० |
| | ग) वित्तिय कम्पनीको शाखा कार्यालय | २००० | १००० |
| | घ) वीमा कम्पनी | २००० | १००० |
| | घ) विदेशी मुद्रा सटही | १००० | ५०० |
| | ङ) धितोपत्र कारोवार | १००० | ५०० |
| | च) सहकारी बैंक | १००० | ५०० |
| | छ) मनि ट्रान्सफर | १००० | ५०० |
| १३ | **स्वास्थ्य सेवा** | | |
| | क) गैर सरकारी अस्पताल | ५००० | २५०० |
| | ख) नर्सिङ होम | ३००० | १५०० |
| | ग) क्लिनिक तथा ल्याब | १००० | ५०० |
| १४ | **शिक्षा सेवा** | | |
| | क) विश्वविद्यालय (संस्थागत) | ५००० | ३००० |
| | ख) कलेज (संस्थागत) | ३००० | १५०० |
| | ग) स्कुल (संस्थागत विद्यालय) | २००० | १००० |
| | घ) तालिम तथा अनुसन्धान केन्द्र (संस्थागत) | १००० | ५०० |
| | ङ) टाइपिङ, कम्प्युटर,साईवर तथा भाषा प्रशिक्षण संस्था | ५०० | २०० |
| १५ | **मर्मत सम्भार उद्योग** | | |
| | क) हेवी इक्यूमेन्टस् बस, ट्रक, टिपर, कार आदि चार पाङग्रे सवारी साधन मर्मत कारखाना | २००० | १००० |
| | ख) टेम्पो, मोटरसाईकल र साइकल वर्कशप | १००० | ५०० |
| | ग) रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | २०० | १०० |
| १६ | **अन्य सेवा** | | |
| | क) विज्ञापन सेवा | ५०० | २५० |
| | ख) बैदेशिक रोजगार सेवा | १००० | ५०० |
| | ग) स्वदेशी रोजगार सेवा | ५०० | २५० |
| | घ) सेक्रेटरियल सेवा | ५०० | २५० |
| | ङ) हाउजीङ कम्पनी तथा घर जग्गा खरिद बिक्री | १००० | ५०० |
| | च) ब्यूटी पार्लर केश सिंगार डाई किलनर्स, फोटो स्टुडियो, | १०० | ५० |

| | | | |
|---|---|---|---|
| | हेयर कटिङ सिलाई आदि | | |
| | छ) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १०० | ५० |
| | ज) पशु वधशाला | १०० | ५० |
| | झ) मासु विक्रेता | १०० | ५० |
| | ञ) फुल र विरुवा विक्रेता | १०० | ५० |
| | ट) पुल हाउस | १०० | ५० |
| | ठ) खोटो व्यवसायी | २००० | १००० |
| | ड) सिसा प्लाइउड विक्रेता | ५०० | २५० |
| | ढ) भाँडाकुँडा बिक्रेता | ५०० | २५० |
| | ण) स्टिल, काठ, फर्निचर विक्रेता | ५०० | २५० |
| | त) खेलौना, उपहार (गिफ्ट) विक्रेता | ५०० | २५० |
| | थ) केबुल नेटवर्किङ (ग्राहक संख्याको अधारमा) | १००० | ५०० |
| १७ | **अन्य व्यवसाय** | | |
| | क) पार्क पिकनिक स्पट | २०० | १०० |
| | ख) क्यासिनो | ५००० | ३००० |
| | ग) टुर अपरेटर | ५०० | २५० |
| | घ) मसाज सेन्टर | १०० | ५० |
| १८ | मिल/कुटानी पिसानी/कपास उद्योग/इलेक्ट्रोनिक्स /कलरल्याब/फोटोग्राफी/खुद्रा तथा होलसेल पसल/( कार्पेट/पर्दा पसल) (कम्प्युटर इन्स्टिट्युट) | २०० | १०० |
| १९ | ग्रील उद्योग कारखाना/हार्डवेयर | ५०० | २५० |
| २० | फर्निचर उद्योग/कारखाना | ५०० | २५० |
| २१ | फेन्सी पसल/जुत्ता पसल/कपडा पसल | २०० | १०० |
| २२ | कृषि औजार ओर्क शप | १०० | ५० |
| २३ | ह्याचरी, दाना प्रशोधन तथा उत्पादन उद्योग | ५००० | २००० |
| २४ | औषधी पसल/क्लिनिक/ल्याब /डेन्टल | ५०० | २५० |
| २५ | इलेक्ट्रोनिक्स | ५०० | २५० |
| २६ | घर जग्गा व्यवसाय | १००० | ५०० |
| २७ | गैरसरकारी संस्था | १००० | ५०० |
| २८ | अन्तर्राष्टिय गैरसरकारी संस्था | ५००० | ३००० |

| |
|---|
| क) माथी उल्लेख भएको व्यवसायमा सोही अनुसार र नभएको हकमा राजश्व परापर्श समितिको सिफारिसमा गा.पा. कार्यपालिका बोर्ड बैठकबाट निर्णय गरी कर निर्धारण गरिने छ। |
| ख) कुनै एक व्यवसायको इजाजत लिई अन्य व्यवसाय समेत थप गरी व्यवसाय संचालन गरेको हकमा |

| |
|---|
| माथी उल्लेखित दरको प्रत्येक व्यवसायमा ५० प्रतिशतले हुने रकम थप व्यवसाय कर लिने । |
| ग) चालु आ.व. भित्र असुल नभई अर्को आ.व. भित्र असुल गर्दा १० प्रतिशत थप विलम्व शुल्क सहित असुल गरिनेछ । |

अनुसूची -५

जडीबुटी, कवाडी र जीवजन्तु कर

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र जडीबुटी, कवाडी र जीवजन्तु निकासी करको दर :

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | मजिठो | के.जी. | २ | |
| २. | ओखरफलको बोक्रा | के.जी. | २ | |
| ३. | ओखर काण्डको बोक्रा | के.जी. | १० | |
| ४. | चिराइतो | के.जी. | २.५० | |
| ५. | चुत्रोको बोक्रा | के.जी. | १.२५ | |
| ६. | कुरिलोको जरा | के.जी. | १.५० | |
| ७. | सुगन्धवाल | के.जी. | ४ | |
| ८. | अल्लो | के.जी. | २ | |
| ९. | झ्याउ | के.जी. | २ | |
| १०. | अर्गेली | के.जी. | ४ | |
| ११. | पाखनवेत | के.जी. | १.५० | |
| १२. | लोक्ता | के.जी. | ६ | |
| १३. | ठिग्रें सल्लाको सिम्टा | के.जी. | ३ | |
| १४. | धसिंगरेतेल | लि. | ५० | |
| १५. | अम्रिसो | के.जी. | ०.५० | |
| १६. | जटामसी | के.जी. | ५ | |
| १७. | तेजपात | के.जी. | ५ | |
| १८. | गोब्रे सल्लाको सिम्टा | के.जी. | १ | |
| १९. | खोल्मे | के.जी. | १ | |
| २०. | नागवेली पाउडर | के.जी. | १६ | |
| २१. | खोटो | के.जी. | ५ | |
| २२. | गोब्रे सल्लाको पातको तेल | लि. | ५० | |
| २३. | भिरमह | के.जी. | ५० | |
| २४. | सतुवा | के.जी. | ५० | |
| २५. | धुपीपात | के.जी. | ०.५० | |
| २६. | नागबेली | के.जी. | ५ | |
| २७. | काउलोको बोक्रा | के.जी. | २ | |
| २८. | अन्य सुगन्धित तेल | लि. | ५० | |

| | | | | |
|---|---|---|---|---|
| २९. | साधारण च्याउ | के.जी. | १ | |
| ३०. | इन्द्रेयिनीको वियाँ | के.जी. | २ | |
| ३१. | नेपाली कागज | कोरी | १० | |
| ३२. | सल्लो (गोलिया) | क्यु.फिट | ५ | |
| ३३. | सल्लो (चिरान) | क्यु.फिट | ६ | |
| ३४. | उत्तिस (गोलिया) | क्यु.फिट | ५ | |
| ३५. | उत्तिस (चिरान) | क्यु.फिट | ६ | |
| ३६. | अन्य काठ (गोलिया) | क्यु.फिट | ५ | |
| ३७. | अन्य काठ (चिरान) | क्यु.फिट | ६ | |
| ३८. | भेनियर पत्ता (ट्याक्टर) | ट्रिप | ५०० | |
| ३९. | भेनियर पत्ता (मिनी ट्रक) | ट्रिप | ७०० | |
| ४०. | भेनियर पत्ता (ट्रक) | ट्रिप | १००० | |
| ४१. | भेनियर पत्ता (भ्यान ट्रक) | ट्रिप | १२०० | |
| ४२. | भेनियर पत्ता (ट्रक) | ट्रिप | २०० | |
| ४३. | दाउरा (ट्याक्टर) | ट्रिप | २५ | |
| ४४. | दाउरा (मिनी ट्रक) | ट्रिप | ५० | |
| ४५. | दाउरा (भ्यान ट्रक) | ट्रिप | १०० | |
| ४६. | काठको भुस (ट्याक्टर) | ट्रिप | २५ | |
| ४७. | काठको भुस (मिनी ट्रक) | ट्रिप | ५० | |
| ४८. | काठको भुस (भ्यान ट्रक) | ट्रिप | १०० | |
| ४९. | बाँस | गोटा | ०.५० | |
| ५०. | वन लसुन | के.जी. | १०० | |
| ५१. | हाडे लसुन | के.जी. | ०.२५ | |
| ५२. | कुरिलो | के.जी. | २ | |
| ५३. | कोइला | के.जी. | ५ | |
| ५४. | बुकीफुल | के.जी. | ०.२५ | |
| ५५. | बुकीफुलको तेल | लि. | २०० | |
| ५६. | अविजालो | के.जी. | ५ | |
| ५७. | निगालो | गोटा | ०.१० | |
| ५८. | अलैंची | के.जी. | १० | |
| ५९. | लोठ सल्लाको पात | के.जी. | ५ | |
| ६०. | लप्सी | के.जी. | ०.५० | |

| | | | | |
|---|---|---|---|---|
| ६१. | पानी अमला | के.जी. | १ | |
| ६२. | मेलुङ गाउँपालिका भित्र उत्पादन भै निकासी हुने माथि उल्लेखित बाहेक अन्य वस्तुहरुको हकमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ। | | | |

क) प्रचलित कानूनले निषेध गरे बाहेकका मरेका वा मारिएका पञ्छीको प्वाँख र पशुको हाड, छाला, सिङ्ग र खुर निकासी करको दर :

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | प्वाँख | के.जी. | ३ | |
| २. | हाड | के.जी. | २ | |
| ३. | सिङ्ग | के.जी. | ३ | |
| ४. | खुर | के.जी. | ३ | |
| ५. | छाला ठुलो | गोटा | ५० | |
| ६. | छाला साना | गोटा | २५ | |

ख) कृषि, पशु तथा पशुजन्य वस्तुको निकासी करको दर : (व्यवसायिक प्रयोजनका लागि)

| क्र.सं. | विवरण | इकाई | प्रति इकाई दर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | भैसी जात (भैसी, राँगा आदी) | गोटा | १०० | |
| २. | गाई जात (गाई, गोरु आदी) | गोटा | ५० | |
| ३. | भेडा, बाखा, बंगुर जात (भेडा, बाखा, बंगुर आदी) | गोटा | २५ | |
| ४. | कुखुरा/कुखुराको जात | ट्रिप | ५०० | |
| ५. | कुखुराको चल्ला निर्यात | प्रति गोटा | ०.५० | |
| ६. | | | | |
| ७. | अण्डा (सात केट बराबर एक बाकस) | बाकस | ५ | |
| ८. | अनाज (धान, मकै, गोदो, गहुँ) | मुरी | ५० | |
| ९. | आलु | प्रति के.जी. | ०.२५ | |
| १०. | गोलभेडा, काउली (ठुलो ट्रक) | ट्रिप | ५०० | |
| ११. | गोलभेडा, काउली (मिनी ट्रक/ट्याक्टर) | ट्रिप | २५० | |
| १२. | बन्दा, साग (ठुलो ट्रक) | ट्रिप | २५० | |
| १३. | बन्दा, साग (मिनी ट्रक/ट्याक्टर) | ट्रिप | १५० | |
| १४. | लसुन, बेसार, अदुवा (ठुलो ट्रक) | ट्रिप | १००० | |
| १५. | लसुन, बेसार, अदुवा (मिनी ट्रक) | ट्रिप | ५०० | |

ग) माछा मार्ने व्यवसायीले गाउँपालिकाबाट अनुमति पत्र प्राप्त गरी साल सालै अनुमति पत्र नविकरण गराएर व्यवसायी मध्येबाट रितपुर्वक प्रतिस्पर्धा गराई सबै भन्दा बढी बोल कबोल गर्ने कुनै व्यवसायीलाई सो व्यवसायको स्वीकृति दिन सक्नेछ ।

अनुसूची -६

१.सवारी साधन कर प्रदेश कानून बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

## अनुसूची -७
## विज्ञापन कर

**गाउँपालिका क्षेत्र भित्र लाग्ने विज्ञापन करको दर :**

१) गाउँपालिकाले आफ्नो हकभोगको घर, जग्गा वा सार्वजनिक स्थलमा विज्ञापन वा साइनवोर्ड राख्नेलाई दैनिक/मासिक/बार्षिक रुपमा गाउँ सभाद्वारा निर्धारण गरिएको करको दर :

**होडिङ बोर्ड सेवा शुल्क निम्नानुसार लगाईने छ।**

क) व्यापारिक वस्तुहरुको विज्ञापनमा प्रति वर्ग फिट रु ५० पचास

ख) व्यानर सार्वजनिक स्थानमा राख्दा रु. ५०।०० पचास।

ग) मनोरञ्जन मुलक विज्ञापन वापत रु. १०००।०० एक हजार प्रतिवर्ष

घ) १ मिटर र १ वर्ग फिट सम्मको विज्ञापन १ महिना सम्मको प्रतिदिन रु १ र सो भन्दा वढि राख्नु परेमा प्रतिदिन रु २

ङ) आफ्नो व्यवसाय परिचयको लागि १५ स्क्वायर फिट सम्म १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता पर्खाल वा अगाडिको भागमा राख्न पाउने छ। १ भन्दा धेरै वोर्ड राख्नु परेमा माथिको दररेटमा सम्वन्धित व्यवसायिले विज्ञापन कर वापत वुझाउनु पर्ने छ।

## अनुसूची -८
## मनोरञ्जन कर

**गाउँपालिका क्षेत्र भित्र लाग्ने मनोरञ्जन करको दर :**

१) सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनहल, थिएटर हल, संगीत तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा ३ प्रतिशत सम्म ।

२) जादु, सर्कस, मेला, चटक, आदिमा प्रति दिन दुई सय रुपैंया देखि पाँच सय रुपैंया सम्म ।

३) भिडियो, वृत्तचित्र, चलचित्र लगायतका व्यवसायिक भिडियो छायांकनमा प्रति भिडियो छायांकन रु. १०००।- असुल गरिनेछ ।

नोट : अनुसुचि-८ मा उर्ल्लेखित गरिएको भएता पनि समाजिक सन्देशमुलक, चेतनामुलकको हकमा कर लाग्ने छैन ।

## अनुसूची -९
## बहाल विटौरी शुल्क

**गाउँपालिका क्षेत्र भित्र लाग्ने बहाल विटौरी शुल्कको दर :**

(क) गाउँपालिका क्षेत्र भित्रको प्रति ऐलानी जग्गामा नेपाल सरकारको स्वीकृति बमोजिम गाउँपालिका आफैले छाप्रा, टहरा निर्माण गरी रेखदेख संचालन गरेको अस्थायी पसल वा आवासको लागि उपलव्ध गराएकोमा प्रति टहरा, छाप्रा मासिक एक हजार रुपैंया देखि पाँच हजार रुपैंया सम्म बहाल विटौरी कर लाग्ने छ ।

(ख) गाउँपालिका क्षेत्र भित्रको खाली रहेको प्रति ऐलानी जग्गामा गाउँपालिका आफैले छाप्रा, टहरा निर्माण नगरी व्यक्ति विशेषले आफै छाप्रा, टहरा निर्माण गरी वा नगरी हाट बजार क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी बसेको भए त्यस्तो जग्गामा प्रति वर्ग फिट दशरुपैंया देखि विसरुपैंयाँ सम्म मासिक बहाल विटौरी कर लाग्नेछ ।

# अनुसूची -१०

## पार्किङ शुल्क

**गाउँपालिकाद्धारा निर्मित पार्किङ स्थलमा सवारी साधन पार्किङ गरेबापत तपशिल बमोजिमको पार्किङ शुल्क लगाउन र असुल उपर गर्न सकिने छ।ः**

क) ट्र्याक्टरको लागि पहिलो २ (दुई) घण्टाको लागि रु. १०।- र सो अवधि भन्दा वढिको लागि प्रति घण्टा रु. १५।- अधिकतम रु. ५०।-

ख) हलुका सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु. १५।- र सो अवधि भन्दा वढिको प्रतिघण्टा रु. १५।- बढीका लागि रु. १००।- (एक सय)

ग) हेभि सवारी साधनको लागि पहिलो २(दुई) घण्टाको लागि रु. २५।- (पच्चिस) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु. १५ (पन्ध्र) र सोभन्दा बढिको लागि १५०।-(एक सय पचास)

घ) मोटरसाईकलको लागि पहिलो २ (दुई) घण्टाको लागि रु. १०।- (दस) र सो अवधि भन्दा वढिको लागि प्रतिघण्टा रु. ५।- (पाँच) बढीमा रु. ५०।-(पचास)

## अनुसूची -११
## ट्रेकिङ्ग, कोयोकिंङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याँफ्टींङ्ग शुल्क

**गाउँपालिका भित्र लाग्ने ट्रेकिङ्ग, कोयोकिंङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र र्‍याँफ्टींङ्ग शुल्कको दरः**

१) गाउँ क्षेत्र भित्रका खोला, नदी, पोखरीहरुमा जलविहार रयाँफटींग गर्ने र डुंगा चलाउने व्यवसायीले गाउँपालिकाको रितपुर्वकको अनुमति पत्र लिई रु. ५०००। (अक्षरेपी पाँच हजार) शुल्क तिरी र्‍याँफ्टींङ्ग कार्य संचालन गर्न सक्नेछ ।

# अनुसूची -१२
# सेवा शुल्क दस्तुर

१) अचल सम्पत्ति मूल्याँकन सेवा शुल्क :

क) सम्पति मूल्याँकन

- १ लाख देखि १० लाखसम्म रु. १००।- (एक सय रुपैया मात्र ।)
- १० लाख देखि २० लाखसम्म रु. २००।- (दुई सय रुपैया मात्र ।)
- २० लाख देखि ३० लाखसम्म रु. ३००।- (तीन सय रुपैया मात्र ।)
- ३० लाख देखि ४० लाखसम्म रु. ४००।- (चार सय रुपैया मात्र ।)
- ४० लाख देखि ५० लाखसम्म रु. ५००।- (पाँच सय रुपैया मात्र ।)
- ५० लाख देखि ६० लाखसम्म रु. ६००।- (छ सय रुपैया मात्र ।)
- ६० लाख देखि ७० लाखसम्म रु. ७००।- (सात सय रुपैया मात्र ।)
- ७० लाख देखि ८० लाखसम्म रु. ८००।- (आठ सय रुपैया मात्र ।)
- ८० लाख देखि ९० लाखसम्म रु. ९००।- (नौ सय रुपैया मात्र ।)
- ९० लाख देखि १ करोडसम्म रु. १०००।- (एक हजार रुपैया मात्र ।)
- १ करोड देखि माथि रु. २०००।- (दुई हजार रुपैया मात्र ।)

विभिन्न प्रकारका सिफारिस दस्तुर :

क) जग्गा दर्ता शिफारिस निवेदन फाराम र निवेदन दर्ता दस्तुर समेत

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु. १००।-(शहरी क्षेत्रमा) |
| आ) १ रोपनी देखी ५ रोपनी सम्म | रु. २०० ।-(शहरी क्षेत्रमा) |
| इ) ५ रोपनी भन्दा माथि सम्म | रु. ३००।-(शहरी क्षेत्रमा) |
| ई) ग्रामिण क्षेत्रमा एकमुष्ट | रु. १००।- |

ख) जग्गा नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत

| | |
|---|---|
| अ) १ रोपनी सम्म | रु. २००।-(शहरी क्षेत्रमा) |
| आ) १ देखि ५ रोपनी सम्म | रु. ३००।-(शहरी क्षेत्रमा) |
| इ) ५ रोपनी भन्दा माथि | रु. ५००।-(शहरी क्षेत्रमा) |

ई) ग्रामिण क्षेत्रमा एकमुष्ट रु. १००।-

**ग) मोही दर्ता तथा मोही नामसारी सिफारिस निवेदन दर्ता र निवेदन फाराम समेत**

अ) १ रोपनी सम्म रु. २००।- (शहरी क्षेत्रमा)

आ) १ देखि ५ रोपनी सम्म रु. ३००।- (शहरी क्षेत्रमा)

इ) ५ भन्दा माथिप्रति रोपनी रु. ५००।- (शहरी क्षेत्रमा)

ई) ग्रामिण क्षेत्रमा एकमुष्ट रु. १००।-

**घ) विभिन्न प्रकारका सिफारिस शुल्क :**

क) साना घरेलु उद्योग रु. १००।-

ख) मझौला उद्योग रु. २००।-

ग) ठुला उद्योग (चिरान मिल, फर्निचर उद्योग) रु. ५००।-

घ) अन्य सेवा उद्योग तथा व्यवसाय सम्बन्धी सिफारिस रु. १००।-

ङ) डिलर लिने सिफारिस रु. ५००।-

च) माथि नखुलेका उद्योग व्यवसायका सिफारिसको हकमा गाउँपालिकाको निर्णयानुसार

छ) नागरिकता लिनका लागि सिफारिस रु. ५०।- (अनुसूची फाराम निवेदन दर्ता समेत)

ज) नागरिकताको प्रतिलिपी लिन सिफारिस रु. ५०।- (अनुसूची फाराम निवेदन दर्ता समेत)

झ) अंगिकृत नागरिकता सिफारिस/नागरिकता त्याग सिफारिस रु. २००।- (अनुसूची फाराम निवेदन दर्ता बाहेक)

ञ) धारा, बिजुली जडान सिफारिस रु. ५०।- (निवेदन फाराम र निवेदन दर्ता समेत)

ट) काठ कटान, निकासी गर्न सिफारिस रु. १।- प्रति कि.बी.

ठ) प्रतिलिपी प्रमाणित/पञ्जिकरण दस्तुर रु. ५०।- प्रतिपाना

ड) चार किल्ला प्रमाणित १ कित्ता सम्म रु. १००।-

ढ) घरबाटो भए नभएको प्रमाणित (शहरी क्षेत्रमा) रु. ५००।-(निवेदन फाराम र निवेदन दर्ता समेत)

ण) घरबाटो भए नभएको प्रमाणित (ग्रामीण क्षेत्रमा) रु. १००।-(निवेदन फाराम र निवेदन दर्ता समेत)

त) एकिकृत सम्पत्ति कर रसिदको प्रतिलिपी रु. ५०।-

थ) अन्य कागजातको प्रतिलिपी दस्तुर रु. ५०।- प्रति पाना

द) घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा रु. २००।-

ध) संचार टावर स्वीकृती सिफारिस रु. ५०००।- .(निजी क्षेत्र)

न) अस्थाई प्रकृतिको निर्माण स्वीकृती निवेदन फाराम (ग्रामिण क्षेत्रका लागि) रु. १००।- प्रतिगोटा

प) नाता प्रमाणित रु. १००।-

फ) नाता सम्बन्ध रु. १००।-

ब) अंग्रेजीबाट गरिने जुनसुकै प्रकारका सिफारिसको प्रति सिफारिस रु. १००।-
(जन्म प्रमाणित, विवाह प्रमाणित, कर चुक्ता आदि)

भ) निजी स्तरका विद्यालय स्थापना तथा तहवृद्धी सम्बन्धी सिफारिस रु. १०००।-

म) सामुदायिक/सरकारी विद्यालयको तहवृद्धी सम्बन्धी सिफारिस रु.(क्षेत्रफलको आधारमा ३००)

य) गाउँपालिकाको स्वामित्व रहेका पिच सडक काट्ने स्वीकृत रु. ५०००।-

र) व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद) रु. ५० (घटना घटेको ३५ दिन भित्र निशुल्क)

ल) सामान्य सिफारिस रु. ५०

**२) फोहोरमैला व्यवस्थापन सेवा शुल्क (मासिक) निम्नानुसार लगाईने छ :**

| | |
|---|---|
| क) आवासिय घर २ दुई तल्ला सम्म | रु. ५०।- |
| ख) ३ तल्ला वा सो भन्दा माथि प्रति तल्ला थप | रु. ५०।- |
| ग) पसल कवल भए प्रति पसल थप | रु. १००।- |
| घ) सामान्य प्रकृतीका होटल, रेष्टुरेन्ट थप | रु. १००।- |
| ङ) ठुला प्रकृतीका होटल लज | रु. ५००।- |
| च) हस्पिटल | रु. १०००।- |
| छ) अन्य संघ संस्था | रु. २००।- |
| ज) वादविवाद (मुद्धा) सम्बन्धी निवेदन दर्ता | रु. ५०।- |
| झ) नक्शापास गर्ने आवेदन पुस्तिका | रु. ५००।- प्रतिगोटा |
| ञ) सक्सन टयांक सेवा शुल्क प्रति टिप | रु. ५,०००।- |
| ट) ट्रयाक्टर भाडा | रु. २,५००।- |
| ठ) विपत व्यवस्थापन शुल्क | रु. ५०।- (शहरी क्षेत्र) रु २०।- (ग्रामीण क्षेत्र) |

# अनुसूची -१३
## पर्यटन शुल्क

यस गाउँपालिका भित्रको घोषणा गरिएका पर्यटकीय क्षेत्र भित्र प्रवेश गर्ने विदेशी पर्यटकहरुलाई प्रति व्यक्ति रु. ५००।- (पाँच सय) निर्धारण गरिएको छ ।

**नोट** : सेवा शुल्क निर्धारणमा कठिनाई उत्पन्न भएमा व्यवसायको प्रकृती हेरी गाउँ कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।